# सुनछहरी गाउँपालिका

## आ.व २०७६/०७७ को

## नीति तथा कार्यक्रम

**सुनछहरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पोबाङ रोल्पा**

**५ नं प्रदेश, नेपाल**

मिति: २०७६/०३/१०

सुनछहरी गाउँपालिकाको छैठौ गाउँसभा

गाउँपालिका अध्यक्ष श्री आश बहादुर पुन ज्यू ले पेश गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को निति तथा कार्यक्रम

यस गाउँसभाका उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

वडाध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

वडा समितिका सदस्य ज्यूहरु,

कार्यक्रम अधिकृत ज्यु,

विषय गत शाखा प्रमुख ज्यू, तथा अन्य कर्मचारी हरु,

सुरक्षाकर्मी पत्रकार लगायत अन्य उपस्थित दाजुभाइ तथा दिदी बहिनीहरु ।

अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत सवैधानिक रूपमा स्थानीय तहमा हस्तान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाइ नजीकको सरकारवाट यहाको माटो सुहाउदो आवश्यकता अनुकुल संघीयता मोडल अनुरूप स्थानीय सरकार मार्फ आफ्नो गाउँ ,शहर, बस्ती, टोल आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने गरी योजना तर्जुमा कार्यन्वन गर्ने जिम्मेवारी अनुकुल आज हामी यस सुनछहरी गाउपालिकाको छैठौ गाउ सभामा निति तथा कार्यक्रम सहित वजेट पेश गर्दैछौ । प्रत्येक काम र समय हाम्रा लागी सिकाइ वन्दै गएको छ । यहि सिकाइ र अनुभवलाइ तादमयता मिलाउदै यो आ।व। ०७६र०७७ को वजेटलाइ जनमुखी विकासमुखी वनाउने प्रयास गरेका छौ ।

हरेक राजनिति सता परिवर्तनका निम्ति संचालित मुक्तिको आन्दोलनमा अमुल्य जिवन आहुति गर्नुहुने ज्ञात अज्ञात महान विर शहिदहरू प्रति भाव पुर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै घाइते अपागंहरूको सम्मान सहित शिर्घ सु स्वास्थ्य लाभको कामना गर्दछु ।

रोल्पा जिल्ला आफैमा एक दुर्गम जिल्ला हो । यस जिल्लामा रहेको दश वटा स्थानीय तहहरु मध्ये सुनछहरी गाउँपालिका मानव विकास सूचकाँकको हिसाबले अत्यन्तै दुर्गम र पिछडिएको गाउँपालिका हो भन्ने हामी सबैलाई सर्व बिदितै छ । यस गाउँपालिका को पछिल्लो तथ्याकं अनुसार ३२८६ घरमा १९०५४ जना जनसंख्याको बसोबास रहेको छ । यहाँ ८८.५० प्रतिशत कृषि पेशामा आधारीत रहेको पाईन्छ । यहाँको शैक्षिक आर्थिक स्वास्थ्य आदिको हिसाबले अत्यन्तै दयनिय अवस्था रहेको छ भने २७७.६२ बर्ग कि.मि अत्यन्तै कठिन भौगालिक क्षेत्रफल रेहेको छ ।

यस गाउँपालिकाले सामन्ती परिबर्तन ब्यबस्था राजतन्त्रको अन्त्य गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागी १८५ जना महान बिर सहिदहरुको अमुल्य जीवन वलिदान भएकोछ भने सयौ योद्धाहरु घाईते अपाङ्ग दर्जनौ चेलीहरुको अस्मिता लुटिएको छ भने असिमिति धन सम्पत्तिको नोक्सान भएको छ।

यसरी महान त्याग तपस्या र बलिदानको जगमा प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्र व्यबस्थाको स्थापना भइ स्थानीय तहको निर्बाचन सम्मपन्न पश्चात जनप्रतिनिधिहरू भई जिम्मेवारी बहन गरेको गौरबपूर्ण दुई बर्ष पुरा हुदैछ। संघिय लोकतान्त्रिक गणतन्त्र ब्यबस्था नेपालको इतिहाँसमा अत्यन्तै नौलो व्यवस्था हो। यस ऐतिहासिक ब्यबस्था प्रति जति गौरबता छ यसको संस्थागत विकास र कार्यन्वयन पनि उत्तिकै चुनौती पुर्ण छ । जनप्रतिनिधि र रास्ट्रसेवक कर्मचारीहरुलाई आ-आफ्नो जिम्मेवारी बहन गर्नु फलामको चिउरा चपाउनु जस्तै थियो।

गाउँपालिकामा दरबन्दीअनुसारको कर्मचारीको अभाव अगाडी बढ्नको लागी आवस्यक ऐन कानुन नहुनु सिमित वजेट र असिमित समस्या तथा जनआकांक्षा विचको अन्तरबिरोध अत्यन्तै कठिन भौगालिक बनावट आममा रहेको अत्यन्तै न्यून चेतना स्तर हाम्रा लागी भिषण चुनौतीको रुपमा रहे। यी चुनौतीहरुको हिम्मतका साथ सामना गर्दै गाउँपालिकाको हरेक सेवा प्रबाहको गतिबिधिहरु आम जनतालाई अत्यधिक सुबिधाको प्रत्याभूति दिने गरी अगाडी बढाउने प्रयत्न रहयो।

सापेक्षित रुपमा तिब्र भौतिक पूर्वाधार निर्माणको कार्य अगाडी बढीरहेको छ । स्वास्थ्य शिक्षा, मानब सभ्यता अर्थात बौद्धिक विकास भईरहेको छ। गाउँपालिकालाई सु-व्यवस्थित ढंगले अगाडी बढाउन १६ वटा ऐन नियमावली र कार्यविधि गरी कानुन निर्माण गरी कार्यन्वनमा रहेका छन । निकै मेहनतका साथ गाउँपालिकाको आवधिक योजना, गाउँपालिका पार्श्व चित्र, वृत चित्र गा.पाको लोगो , मोबाईल एप्स जस्ता महत्वपूर्ण कार्य हरु सम्पन्न भएको छ।

बहुसंख्यक जनता सम्म संचार सुबिधा पुगेको छ आधुनिक र ब्यवसायिक कृषि उत्पादनमा उत्साहपूर्ण कार्यको थालनी भएको छ त्यसलाई ब्यबसायिक ढंगले अगाडी बढाउन सक्षम कृषि प्राविधिकहरूको प्रबन्ध गर्ने काम भएको छ। शुद्ध खानेपानी आम जनता सम्म पुर्याउने कार्यलाइ तिब्र ढंगले अगाडी बढीरहेको छ। यी आदी कामहरुलाई सु-ब्यबस्थित ढंगले पूर्णता दिन र अरु थुप्रै काम कार्यहरुलाई जन आकांक्षा अनुरुप अगाडी बढाएर समृद्ध सुनछहरी गाउँपालिका बनाउने मार्ग चित्र को लागी आ.ब २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्देछु।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

अव म यस  गाउँ सभावाट चालु आ.व.०७५/०७६ मा हाल सम्म भएका मुख्य मुख्य उपल्वधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चहन्छु ।

यस सुनछहरी गाउपालिकाको लागी संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान अन्तर्गत रकम रु. ६ करोड ७ लाख प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान अर्न्तर्गत ४० लाख ६५ हजार वित्तिय समानिकरण , संघीय सरकारबाट राजश्व बाँडफाँड वापत रकम रु. ६ करोड २ लाख २६ हजार  त्यसै गरी प्रदेश सरकार वाट प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर बाँडफाँड अर्न्तर्गत प्राप्त अनुदान २५ लाख ५३ हजार सघिय सरकारको  तथा प्रदेश सरकारको सर्शत र विभिन्न संस्थाहरुवाट प्राप्त आयलाइ सामाजिक सुरक्षा आन्तरीक आयलाइ  समेटी गत आ.व. ०७५ /०७६ को लागी  २५ करोड ५७ लाख ८ हजार रुपैंया बराबरको बजेट विनियोजन गरिएको थियो । जस मध्ये यो सभा चलिरहदा सम्म पुजिगत खर्च ५२ प्रतिशत र कार्यक्रम खर्च ७२ प्रतिशत  भएको छ ।

## मुख्य उपल्वधीहरु

- वडा देखि गाउपालिका केन्द्र सम्म जोडने मुख्य वाटाहरुलाइ प्राथमिकताका साथ संचालन गरी २ वर्षभित्र जोडने गरी योजनाहरु संचालन भएका छन ।
- स्युरी देखी पोवाङ जोडने केन्द्र मोटरवाटो संग जोडिएको छ ।
- प्रदेश सरकारवाट र्सशत वजेट अर्न्तगत वहुउदेश्य हल र खेलकुद मैदान टेन्डर  भइ ७० प्रतिशत काम सम्पन्न भएको ।
- स्थानिय पुर्वाधार विकास अर्न्तर्गत जैमाकसलामा तिन कोठे ट्रस भवन निर्माण गरिएको ।
- विधालय सुधार विकास कार्यक्रम अर्न्तगत जेलवाङमा ४ कोठे आर.सि.सि भवन निर्माण गरिएको छ ।
- प्रदेश सरकार र गाउपालिकाको समपुरक अनुदानमा ५० लाखको  वडा नं ६ फगाममा फगाम पोवाङ जोडने  मो.वा. र वडा नं १ सेरममा सेरम  एक घर एक धारा ५० लाखको योजना सम्पन्न भएको छ ।
- गाउपालिकाको मदिरा विक्रि वितरणलाइ व्यवस्थीत गर्नकोलागी मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी वनाइ कार्यन्वनमा लगिएको छ ।
- २०७८ सम्म यस सुनछहरी गाउपालिका लाइ वालविवाह मुक्त गा.पा. वनाउने प्रतिवदता अनुरुप गाउपालिका स्तरीय विभिन्न कार्यक्रम सहित गाउपालिका स्तरीय सम्पुर्ण वडाहरुमा अभियानको रुपमा लगीएको छ ।
- गाउपालिकाको आन्तरीक राजश्व अभिवृदी गर्नकोलागी गा.पा. स्तरीय राजश्व अभिवृदि कार्यक्रम संचालन गरिएको छ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

- सामाजिक न्याय सुशासन र नविनतम प्रविधीयुक्त पुर्वाधार शान्ति समृद सहितको सुनछहरी गाउपालिका भन्ने भिजनका साथ ५ वर्षे आवाधिक योजनाको निर्माण गरिएको छ ।
- गाउपालिकाको भौगोलिक सामाजिक सांस्कृतिक आर्थिक अवस्थालाइ वृत चित्रको माध्यमवाट प्रचार प्रसार गर्नकोलागी सुनछहरी गाउपालिकाको वृत चित्र निर्माण गरिएको छ ।
- सूचना प्रबिधि लाई आत्मसाथ गर्दै मोवाइल एप्सको निर्माण गरी सूचनाको पहुच, सेवालाइ सरल र सहज ढगंवाट प्रवाह गरिएको छ ।
- सुनछहरी गाउपालिकाको लोगो निर्माण गरी अनावरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत २८ जना युवा हरुलाइ वाइरिङ तथा ड्राइभिङ सम्वन्धि स्वरोजगार तालिम संचालन गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत असाहय तथा जेहेन्दार वालवालिकाहरुलाइ छात्रावृति तथा शैक्षिक सामाग्री वितरण गरिएको छ ।
- मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम अर्न्तगत प्राकृतिक विपत्तीवाट पिडीतहरुलाइ राहत वितरण गरिएको छ।
- विकासकोलागी स्वास्थ्य अपरिहार्य भन्ने कुरालाइ आत्मासात गर्दे सुनछहरी गाउपालिका , मुख्य मन्त्रि ग्रामिण विकास कार्यक्रम र सामाजिक विकास मन्त्रालयको आयोजनामा वाहिरी गाम , जेलवाङ र पोवाङमा दक्ष चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन गरी २००० जनाले दक्ष चिकित्सक वाट स्वास्थ्य सेवा प्राप्त गरेका छन ।
- विभिन्न वडामा पशु स्वास्थ्य शिविर संचालन भएका छन ।
- वहु क्षेत्रिय पोषण कार्यक्रम अर्न्तगत संचालित १००० दिनका आमाहरुको लागि विभिन्न कार्यक्रम हरू संचालन गरी मातृ स्वास्थ्यमा सुधार आएको छ ।
- औषधीलाइ अत्यावश्यक सेवामा प्राथमिकरण गरी औषधीको नियमित आपुर्ति गरिएको छ ।
- गाउपालिका तथा वडाहरुलाइ सुचना प्रविधी मैत्री वनाइएको छ ।
- गाउपालिकामा सस्तो सुलभ दरमा सेवाग्राहीलाइ फोटो कपी प्रिन्टीङ लगायत अन्य सेवाहरु प्रदान गर्नकोलागि टेलिसेन्टरको स्थापना गरिएको छ ।
- गरिव असहाय अशक्त एकल महिलाहरुलाइ विशेष प्याकेज मार्फ शत प्रतिशत अनुदानमा वाहिरी गाम भित्री गाम र स्युरीमा वैकल्पिक उर्जा अनुदान अर्न्तगत सोलार वितरण गरिएको छ ।
- गरिव असहाय अशक्त एकल महिलाहरुलाइ विशेष प्याकेज मार्फ फगाम जैमाकसलामा शत प्रतिशत अनुदानमा सुधारिएको चुलो निर्माण गरिएको छ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

- प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत वडाहरुमा रहेका वेरोजगारहरुको सुचिकृत गराइ कम्तिमा १०० दिनको रोजगार सुनिश्चचत हुने गरी रोजगार कार्यक्रमहरुको शुरुवात गरिएको छ।
- अपाङ परिचय पत्र कार्यविधि वनाइ अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- कृषकहरुलाइ उन्नतजातका विउ विजन विरुवाहरु मल प्लाष्टिक टनेल वितरण तथा तालिमहरु संचालनमा ल्याइएको छ।
- सुनछहरी गाउपालिका हाल सम्म १० वटा ऐन नियमावलि र विभिन्न कार्यविधिहरु गरी १६ वटा कानुनहरू पारित गरी कार्यन्वनमा आएको छ ।
- सविधानको धारा २१७ र स्थानिय सरकार संचालन एन २०७४ अनूरूप उपाध्यक्ष ज्युको संयोजकत्वमा गठित न्यायिक समितिले हाल सम्म यस सुनछहरी गाउपालिकाको न्यायिक समितिमा परेका विवादहरू मध्ये १३ वटा विवादहरू मेलमिलापको माध्यमवाट निरूपण गरीएको छ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

अव आ. व. ०७६/०७७ को नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थवाङ, रोल्पा ५ नं. प्रदेश, नेपाल २०७३

## कृषि तर्फ

- यस सुनछहरी गाउँपालिकाको मुख्य जिउने आधार भनेको कृषि नै हो यहाँका ८८.५०% जनता कृषिमा नै निर्भर रहेका छन् यसर्थ कृषिलाई आधुनिक र ब्यबसायिकरण गर्दै उद्योग र बजार सँग जोडेर जनताको आर्थिक स्तर उठाएर लग्ने ठोस योजना बनाईने छ ।
- कृषि क्षेत्रको DPR गरेर लगानी क्षेत्र बढाउनुका साथै पकेट क्षेत्र बनाउन जोड दिईनेछ
- यस गाउँपालिका पशुपालनको लागीअनुकुल भौगालिक बाताबरण भएकोले ब्यबसायिक पशुपालनलाई बिशेष जोड दिईनेछ ।
- नगदै बालिलाई आर्थिक उत्पादनको प्रमुख आधार बनाएर मुख्य जोड दिदै लगिने छ ।
- कृषकहरुलाई ब्यबसायिक तालिम प्रबिधिको ब्यबस्थापन लगाएत विभिन्न अनुदानको प्रबन्ध गर्दै लगिने छ ।

## पर्यटन तर्फ

- हाम्रो गाउँपालिका प्राकृतिक धार्मिक युद्ध पर्यटनको सम्भावनाले भरिपूर्ण गाउँपालिका हो । यसलाई यहाँका जनताको आर्थिक समृद्धिको आधारसंग जोडेर लगिने छ ।
- पर्यटन सम्बन्धि DPR गरेर सोहिअनुसार ठोस कार्ययोजना बनाई अगाडी बढाईने छ । आ.ब २०७६/७७ मा विबाङ दहको DPR गरिनेछ । गुरिल्ला ट्रेकिङ रुटको ढोका जेलबाङमा मगर होमस्टे संचालन गरिनुका साथै पर्यटनक विकास संग संगै स्युरीको राङ्गी गाउँ भित्रि गाम को बासा डाँडामा पनि होमस्टे संचालन गर्दै लगिने छ ।
- पर्यटनसंग कृषि ,साहित्य कला र सास्कृतिक प्रबर्धनलाई जोडेर लगिने छ ।

## उद्योग तर्फ

- कृषिबाट उत्पादित बस्तुलाई उद्योगसँग र उद्योगबाट उत्पादित बस्तुलाई बजार सँग जोडेर आमजनताको आर्थिक उन्नति गर्ने र ब्यवसायिक दक्षताका लागी तालिम र तालिम प्राप्त जनशक्तिलाई उद्योग स्थापना गर्न प्रेरित गर्न नीति अबलम्बन गरिने छ ।
- उद्योगी ब्यबसायीहरुलाई प्रोत्साहनका निम्ति विभिन्न अनुदानको ब्यबस्था गरिने छ साथै उत्पादित बस्तुको बजारीकरण सहज बाताबरण निर्माण गरिने छ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

## सहकारी तर्फ

- सहकारीलाई अर्थतन्त्रको तिन खम्बे नीति अन्तर्गत स्वीकार्दै सहकारीलाई ब्यबस्थित गर्दै सहकारीहरुको क्षमता विकासको लागी प्रभावकारी योजना बनाएर कार्यन्वयन प्रक्रिया लगिने छ ।
- निश्क्रिय भएका सहकारीहरूको खोज अनुसन्धान गरि सक्रिय वनाइने छ  र थप नया सहकारीहरूको स्थापना गराउन प्रोत्साहित गराइने छ ।

## सामाजिक विकास तर्फ

### शिक्षा र स्वास्थ्य

- शिक्षा र स्वास्थ्यलाइ नेपालको संविधानले मौलिक हकको रूपमा सवैधानिक व्यवस्था अनुरूप सवैलाइ प्रत्याभुति गर्न दिने वातावरण निर्माण गरिने छ ।
- गुणस्तर शिक्षाको प्रत्याभुत गर्नका लागि वर्तमानमा भइरहेका सञ्चालन परिचालन तरिकालाइ नया शैलीको विकासलाइ जोड दिइनेछ ।
- वदलिदो समय परिस्थिती सगै विधालयहरूलाइ प्रविधी मैत्री कक्षाहरू संचालन गर्दै शैक्षिक गुणस्तरलाइ उठाउन विशेष जोड दिइनेछ ।
- विधालयहरूको चौतर्फि व्यापक विकासको लागि मा.वि.हरूमा संगित कक्षा संचालन गर्न पहल गरिनेछ ।
- स्वास्थ्य तर्फ सेवावाट कसैलाइ वञ्चित नहुने गरि आवश्यक औषधीको नियमित आपुर्ति र पयार्प्तमात्रामा जनशक्तिको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य विमालाइ व्यापक रूपमा कार्यन्वन गरिनेछ ।
- शिक्षा स्वास्थ्य सम्वन्धि पुर्वाधारलाइ व्यवस्थित गर्दै लगिनेछ ।
- खेल क्षेत्रलाइ स्वास्थ्य र रास्ट्रको विकास संग जोडेर  आम  युवा विदयार्थिहरूलाइ व्यापक सहभागि वनाइ अगाडी वढाउने योजना वनाइनेछ ।
- गाउपालिका स्तरमा एक वटा प्राविधिक विधालय खोल्नको लागि आवश्यक पहल गरिनेछ ।
- गाउपालिका केन्द्रमा रहने गरी १५ शैयाको अस्पताल खोल्न आवश्यक पहल गरिनेछ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

- सामाजिक परमपराको रूपमा रहेको वालिघरे प्रथा अन्त्य गर्दे वैकल्पिक जिविकोपार्जनको लागी न्या सिप क्षमता विकासको लागि तालिमहरू संचालनमा ल्याइनेछ ।
- मदिरा नियन्त्रण कार्यविधिलाइ पुर्णरूपमा कार्यन्वनमा ल्याइ मदिराको विक्रि वितरण तथा सेवन कार्यलाइ व्यवस्थित पार्दे लगिनेछ ।
- सुनछहरी गाउपालिकालाइ वि.स. २०७८ सम्म वालविवाह मुक्त गाउपालिका वनाउने प्रतिवदता अनुरूप अभियान तथा कार्यक्रमहरू संचालन गरिनेछ । संग समन्वय गरी अगाडि वढाइनेछ ।
- हरेक विकास निर्माणका योजना तर्जुमा देखि कार्यन्वन सम्म विभिन्न संघ सस्थाहरू

## खानेपानि तथा सरसफाइ तर्फ

- शुद खानेपानि तथा सरसफाइलाइ स्वस्थ्य मानव जिवनको अनिवार्य आधारको ग्रहण गर्दै गाउपालिका भर करिव ७५ प्रतिशत जनताको घर घरमा शुद खानेपानिको धारा पुगिसकेको र वाकी २५ प्रतिशत लाइ शुद खानेपानिको पहुचमा ल्याइनेछ ।
- सर सफाइलाइ सभ्य र सचेत नागरीकको परिचयको रूपमा स्थापित गर्दै व्यापक जनचेतनाको साथ पुर्ण सरसफाइको दिशामा अग्रसर हुने गरि व्यापक सरसफाइ अभियान संचालन गरिनेछ ।

सास्कृतिक प्रवर्दन तर्फ

- यहाका आदिवासि जनजाति लगायत सवैको संस्कार सस्कृति धर्म कला साहित्य पहिचान र अस्तित्व संग जोडिएको छ तसर्थ ति साहित्य कला संस्कृतिलाइ पर्यटन विकास संग जोडेर संरक्षण तथा विकास गर्न जोड दिइने छ ।
- समय सापेक्षित विभिन्न कला साँस्कृतिको प्रतियोगिताहरू गरिनेछ ।

  महिला वालवालिका जेषठ नागरिक दलित जनजाती अल्पसंख्यकक अपागं जस्ता पछि परेका जात जाति लिगंहरूलाइ सशंक्तिकरण पार्दे राष्ट्र निर्माणमा आत्मा निर्भर भै अगाडी वढने वातावरण तयार पारिने छ ।

  - सम्पुर्ण हिसावले आत्मा निर्भर भइ अगाडी वढनको लागि विभिन्न सिपमुलक क्षमता विकास कार्यक्रमहरूको आयोजना गरि व्यवसायिक अवसर सगँ जोडेर लगिनेछ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

- असाहय वालवालिका जेषठ नागरीक र अपगंता भएका व्यक्तिहरूको लागि विशेष कार्यक्रम वनाइ कार्यन्वन गरिनेछ ।

## पुर्वाधार विकास तर्फ

### सडक तथा पुल तर्फ

- हाल निर्माण भएको कच्चीको वाटोलाइ नियमित संचालन गर्नुका साथै जनताको उत्पादन संग जोडेर आर्थिक विकासका लागि सडक भन्ने मान्यतालाइ आत्मासाथ गरिने छ ।
- निर्माणधिन केहि सडक पुरा गरि वातवरणीय असरलाइ ख्याल नगरी निर्माण गरिने सडकलाइ व्यवस्थित गरिनेछ ।
- सडकको डि पि आर गरि सोही अनुरूप कार्ययोजना वनाइ कार्यन्यवन गरिनेछ ।
- अत्यावश्यक जोखिम पुर्ण नदिहरूमा झोलेङ्ग पुल निर्माण कार्यलाइ तिव्रता दिइनेछ ।
- भौगोलिक रूपमा कठिन हाम्रो गाउपालिकामा नदिनालाहरूलाइ व्यवस्थित गरी नियमित यातायात सुचारू गराइ कार्यन्वन गर्नकोलागि डि पि आर गरी मात्र निर्माण गर्नकोलागि पहल गरिनेछ ।

### सिँचाइ तर्फ

- व्यापक र गुणस्तर उत्पादनको आधार भनेको सिचाइ सुविधा हो । जसलाइ विशेष महत्व दिदै सम्भावित स्थानहरूमा सिचाइको व्यवस्था गरिनेछ ।

## शहरी विकास तर्फ

- भवन तथा शहरी विकास कार्यलाइ महत्वका साथ अगाडी वढाइनेछ । गाउपालिकाको कार्यलय भवन वडा कार्यलयका भवन स्वास्थ्य र शिक्षका भवनहरूलाइ आवश्यकता अनुसार निर्माण भएका कार्यलाइ प्राथमिकताका साथ अगाडी वढाइनेछ । निर्माण भएका भवनहरूको मर्मत सम्हार र सहि सदुपयोगलाइ ध्यानमा दिइनेछ ।
- वडाहरूका केन्द्र वा निश्चित स्थानहरूमा आवश्यक नियम कानुन वनाइ शहरी विकासको कामलाइ योजनावद रूपमा अगार्डी वढाइनेछ ।
- भवन निर्माण गर्दा भवन निर्माण संङ्हितालाइ कडाइपुर्वक कार्यन्वनमा ल्याइनेछ । व्यक्तिगत घर निर्माणको पनि आधारभुत नियम वनाइ कार्यन्वनमा प्रक्रियामा लगिनेछ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

## उर्जा लघु तथा साना जलविधुत तर्फ

- युग अनुसार विधुत मानव जिवनमा अति आवश्यक वनेको कुरालाइ मध्य नजर गर्दै केन्द्रिय विधुत विस्तार अभियानलाइ वस्ति वस्ति सम्म पुरायाउन विशेष पहल गरिनेछ ।
- केन्द्रिय विधुत प्रसारण लाइन नपुगेको वस्तिहरूमा वैकल्पिक उर्जा वाट उर्जाको पहुचमा पुराइनेछ ।
- यस गाउपालिकामा जलविधुत उत्पादनको अत्यन्तै संम्भवना रहेको गाउपालिका हो जसलाइ व्यवहारिकरूपमा कार्यन्वन गर्न जलविधुतको डि पि आर गरि उत्पादन कार्य प्रक्रियालाइ अगाडी वढाउन पहल गरिनेछ ।

## संचार तर्फ

- आधुनिक युगमा सुचना संचार हरेक नागरीकको जिवनको अभिन्न अगं जस्तै वनेको छ । यसैलाइ मध्य नजर राख्दै यस गा.पा मा तीन वटा दुर संचार रिपिटर टावर र सरकारी कार्यलहरूमा वर्डलिकं र सुविसु इन्टरनेटको जडानवाट करिव ९९ प्रतिशत जनता संचारको पहुचमा छन भने गामको तमाके डाँडाको टावर संचालन र क्रमश निश्चित स्थानहरूमा फ्रि वाइफाइ दारा जनतालाइ शत प्रतिशत संचारको पहुचमा ल्याउन विशेष पहल गरिने छ ।
- संचारलाइ प्रभावकारी वनाइ आम जनताको आर्थिक वृदि संग जोडने विशेष योजना वनाइने छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

- मानिसको गलत क्रियाकलापले वन वातावरणको विनाश भइ रहेको छ । वन वातावरणको विनास असर मानव जीवनमा निकै ठुलो मात्रामा परिरहेको छ । यो महत्व पुर्ण कुरालाइ मध्यनजर गर्दै वन वातावरण संरक्षणको लागि महत्वपुर्ण योजना निर्माण गरि अगाडि वढाइने छ ।
- तिव्र विकास निर्माण प्रक्रिया संग सगै आउने वातावरणीय असरलाइ विशेष ख्याल गर्दै विकासको गतिलाइ अगाडि वढाइने छ ।
- नाँगो डाँडा पाखा भुक्षय भएका स्थानहरूमा सडक निर्माणको क्रममा उजाड सडक वरिपरि वृक्षारोपण कार्यलाइ योजनावद अगाडि वढाइने छ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

- विपद व्यवस्थापन सम्वन्धि व्यापक जनचेतना जगाउदै पुर्व तयारीकार्यलाइ व्यवस्थित ढगले अगाडी वढाइने छ ।
- विपद व्यवस्थापन संचालन कोषलाइ मजवुद वनाइने छ साथै खोज तथा उदार सम्वन्धि तालिम र सामाग्रीहरूको व्यवस्थापन गरिने छ ।
- भुक्षय वाट पिडित फगाम जैमाकसला फुलिवन वाहिरी गाम लगायतका स्थानहरूमा छाडा चौपाया चरिचरन रोक्ने तटवन्धन लगाउने र वृक्षारोपण गर्ने कार्यलाइ संग सगै अगाडी वढाएर पहिरो रोक्ने कार्यकोलागि व्यापक पहल गरिने छ ।
- मौजुदा वन जंगलको संरक्षण नर्सरी उत्पादन र वृक्षारोपणको योजना वनाइ सामुदायिक वन समुह कबुलियती वन समूह विभिन्न सरोकारवाला सरकारी गैरसरकारी संघ संस्था र आम जनतालाई सक्रिय परिचालनको योजना बनाईनेछ ।
- हरेक व्यक्तिको सरसफाई सामाजिक तथा बाताबरणीय सरसफाई ब्यबस्थित गर्न अभियानात्मक रुपमा जनचेतना जगाउदै पूर्ण सरसफाई घोषणा गर्ने दिशामा अघी बढिने छ ।

## सुशासन तथा सस्थागत विकास तर्फ

- सुनछहरी गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउन विभिन्न योजनाहरु बनाई कार्यन्वयन गरिनेछ ।
- आम जनता धनजनको सुरक्षालाई बिशेष ध्यान दिईनेछ जसको लागी विभिन्न खाले बितण्डा अराजक र अनैतिक क्रेयाकलापलाई रोक्ने योजना बनाईने छ
- जनप्रतिनिधि रास्ट्रसेवक कर्मचारीहरुको क्षमता विकासको लागी योजना बनाई कार्यन्वयन गरिने छ
- आन्तरिक स्रोत (राजस्व) संकलन कार्यलाई व्यापक बैज्ञानिक सरल र सहज बनाउदै आम् जनताको समाज प्रतिको योगदान अर्थात् कर्तब्यबोधको बाताबरण कायम गरिनेछ
- आम जनताको सूचनाको हकलाई मर्मबोध गर्दै भए गरेको काम कार्यको नियमित सार्बजनिक सुनुवाई सामाजिक परिक्षणलाई अनिबार्य गरिनेछ ।
- न्याय समितिको कार्यलाई जन उत्तरदायी पारदर्शी पक्षपात रहित नियम कानुनमा आधारीत रही प्रभाबकारी ढंगले अगाडी बढाईनेछ ।
- गाउँपालिकाको हरेक काम कार्य गर्दा भड्कीलो फजुल खर्चबाट बचाऊदै फारोटिनो र कम खर्चमा धेरै काम कार्य सम्मपन्न गर्ने नीति अबलम्बन गरिनेछ ।
- हरेक क्षेत्रमा हुने लापरबाही र अनियमिततालाई कडाई पुर्वक रोक्ने योजना बनाईनेछ ।
- सम्भव भए सम्म आम् जनशक्ति परिचालन गरी पूर्वाधार निर्माण कामलाई अगाडी बढाएर व्यापक रोजगारको सिर्जना गर्ने कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- सामाजिक कलंकको रुपमा रहेको जातीय छुवाछुट मदिरापान , बालबिबाह ,बहु बिबाहलाई कडाई पुर्वक निषेध र नियमित गर्दै सु-सास्कृत ,सम्मुन्नत र सभ्य समाजको निर्माण गरिने छ ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष

अन्त्यमा यस सुनछहरी गाँउपालिकाको छैठै गाउ सभा सम्पन्न गर्न आम जनताको वस्ति वस्तिमा पुगेर जनपक्षिय योजना जनताकै सहभागितामा निर्माण गर्न अथक मेहनत गर्नुहुने उपाध्यक्ष ज्यु ,वडा अध्यक्ष ज्युहरू कार्यपालिका सदस्य ज्युहरू वडा समितीका सदस्य ज्युहरू तथा यसलाइ शुस्म अध्ययन गरी महत्वपुर्ण सुझाव दिने विभिन्न विषयगत समितिका सम्पुर्ण सदस्य ज्युहरू प्रति हार्दिक धन्यवाद ज्ञापन व्यक्त गर्न चाहन्छु ।

साथै यस सभालाइ सुन्दरतापुर्वक सम्पन्न गर्न अहोरात्र खटि मेहनत गर्नुहुने प्रमुख प्रशासकिय अधिकृतज्यु , नायव सुव्वा ज्यु , सुचना प्रविधि अधिकृत ज्यु लगायत अन्य सम्पुर्ण कर्मचारीहरू प्रति आभार सहित धन्यवाद दिन चाहन्छु ।

मिति २०७६ असार १०

धन्यवाद ।

आश बहादुर पुन
गा.पा. अध्यक्ष